धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ४१ ◆ २०८३ भदौ १० गते बुधबार, Wednesday, August 26, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## नेपालले पिकलबलको विश्वकप खेल्ने

काठमाडौं । नेपालले पिकलबल विश्वकपको तेश्रो संस्करण खेल्ने भएको छ । पहिलोपटक विश्वकपमा सहभागी हुन लागेको नेपाली टोली बिहीबार भियतनामको दानाङ प्रस्थान गर्ने भएको छ ।

अगष्ट ३० देखि सेप्टेम्बर ६ तारिखसम्म हुने उक्त प्रतियोगिताको सिनियर क्याटागोरीमा हर्ष सागर तुलाधर, मणिकरत्न शाक्य, दिलभूषण पाठक, फत्तेबहादुर खड्का, शर्मिला केसी र प्रतिमा प्रधानले प्रतिस्पर्धा गर्ने छन् । त्यस्तै, ओपन क्याटागोरीमा ज्याक्सन सुवेदी, सन्देश श्रेष्ठ, उमिद शेर्पा, उगेन शेर्पा, दावा शेर्पा, राधेश्याम मचामसी, महेश शर्मा, सरुसा मगर, डा. दिक्षा राणा, सञ्जील कन्साकार र किरण खनालले भाग लिने छन् । टोलीको व्यवस्थापक तथा प्रशिक्षकमा सौरभ भण्डारी रहेका छन् । सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव रामचरित्र मेहताले हिजो (मंगलबार मात्रै काठमाण्डौमा आयोजना गरिएको एक कार्यक्रमबीच उक्त टोलीलाई बिदाइ गर्नुभयो ।

## यू-१९ एसिया कप र विश्वकपका लागि नेपालको प्रारम्भिक टोली घोषणा

काठमाडौं । आसन्न एसिया कप र आउँदो वर्ष आयोजना हुने आइसिसी यू-१९ महिला विश्वकपका लागि नेपालको प्रारम्भिक टोली घोषणा गरेको छ । नेपाल क्रिकेट सङ्घ (क्यान)ले मंगलबार सोनी पाखिनको कप्तानीमा २८ सदस्यीय प्रारम्भिक टोली घोषणा गरेको हो ।

आगामी एसिया कप तथा यू-१९ महिला विश्वकपमा सहभागिता जनाउने नेपाली यू-१९ महिला राष्ट्रिय क्रिकेट टोलीको पहिलो चरणको क्याम्पका लागि २८ खेलाडी छनोट गरिएको छ । क्यानले अन्तिम टोली चाँडै घोषणा गर्नेछ । क्यान सचिव पारस खड्काका अनुसार प्रथम चरणको क्याम्पमा पर्नेहरूमा कप्तान सोनी पाखिन, प्रथा श्रेष्ठ, रचना चौधरी, चन्द्रमाया बराल, कुसुम गोदार, रञ्जना साउद, ज्योत्सिका मरासिनी, तिर्सना विश्वकर्मा, रिया शर्मा, प्रिन्सा राना मगर, टीका साह, पूर्णिमा राजवंशी, अञ्जिला पाठक रहेका छन् ।

यस्तै, आशना चौधरी, सुप्रिया बुढा मगर, प्रतिमा साह, साक्षी यादव, आरती महतो, सावित्री धामी, मनीषा चौधरी, जयन्ती भण्डारी, आशिकाकुमारी महरा, अन्जु पार्की, सोनाम जोशी, अनु कडायत, मनीयाकुमारी उपाध्याय, साना प्रवीण र अलिसाकुमार यादवले पनि बन्द प्रशिक्षणमा मौका पाएका छन् । उनीहरूमध्ये केही खेलाडीले सिनियर महिला टोलीको समेत प्रतिनिधित्व गरिसकेका छन् ।

## सगरमाथा आरोही संघको अध्यक्षमा पोखरेल



काठमाडौं । सगरमाथा आरोही सङ्घको अध्यक्षमा दिवस पोखरेल निर्वाचित हुनुभएको छ ।

सङ्घको केन्द्रीय कार्यालयमा मंगलबार सम्पन्न निर्वाचनबाट पोखरेलको अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध निर्वाचित भएको हो । पोखरेल सङ्घको विधान २०५७ (संशोधन सहित २०५९) अनुसार अध्यक्ष निर्वाचित हुनुभएको प्रमुख निर्वाचन अधिकृत भूपेन्द्रप्रसाद पोखरेलले जानकारी दिनुभयो । यस्तै, सङ्घको प्रथम उपाध्यक्षमा डिकी शेर्पा, द्वितीय उपाध्यक्षमा मदनकुमार चुडाल, महासचिवमा शिवबहादुर सापकोटा, सचिवमा छोकी शेर्पा, कोषाध्यक्षमा वाङ्दा शेर्पा तथा सदस्यमा लाक्पा याङ्जी शेर्पा र पासाङ ल्हामु शेर्पा निर्वाचित हुनुभएको छ । सङ्घले सगरमाथा आरोहीको हकहित र पर्वतारोहण क्षेत्रको प्रवर्द्धनमा लामो समयदेखि कार्य गर्दै आएको छ । नवनिर्वाचित अध्यक्ष पोखरेलले आगामी कार्यकालमा आरोहीहरूको सामाजिक सुरक्षा, वातावरणीय संरक्षण र पर्वतारोहण पर्यटनको विकासमा भूमिका खेल्ने बताउनुभयो ।

## महिला प्रहरीमाथि हातपात गर्ने युवक नियन्त्रणमा

काठमाडौं । काठमाडौंको बानेश्वरमा ड्युटीमा खटिएकी महिला प्रहरीमाथि हातपात गरेको आरोपमा प्रहरीले एक युवकलाई मंगलबारे नियन्त्रणमा लिएको छ ।

पक्राउ पर्नेमा जुम्लाको तातोपानी गाउँपालिका-२ घर भई हाल काठमाडौं महानगरपालिका-१० बानेश्वर बस्दै आएका २७ वर्षीय राज कठायत रहेका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाका अनुसार मंगलबार बानेश्वर चोकमा ड्युटीमा खटिएकी महिला प्रहरी जवानले जथाभावी बाटो नकाटी आकाशेपुल प्रयोग गर्न अनुरोध गर्दा कठायतले उनीमाथि हातपात गरेका थिए ।

"कठायतले महिला प्रहरीमाथि हातपात गरेकाले नियन्त्रणमा लिएका छौं, घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान तथा सोधपुछ भइरहेको छ", प्रवक्ता थापाले भन्नुभयो ।

महिला प्रहरीमाथि भएको हातपातको भिडियो सामाजिक संजालमा भाइरल भएपनि नागरिक स्थरबाट घटनाको चर्को आलोचना भैरहेको छ ।

## मुहान संरक्षणसँगै पानी-पुनर्भरणतर्फ काभ्रेका स्थानीय तह

❑ *राजकुमार पराजुली*

काभ्रेपलान्चोक । जलवायु परिवर्तनका कारण पानीका स्रोत सुक्दै जाँदा मानव जीवनमा पर्न थालेको असरलाई न्यूनीकरण गर्न जिल्लाका स्थानीय तह पानी-पुनर्भरणका कार्यक्रम अघि बढाउन लागेका छन् ।

रोशी गाउँपालिकाले त्यसका लागि योजनाबद्ध रुपमा कार्य अघि बढाइसकेको छ भने बेथानचोक गाउँपालिका पनि पानीको स्रोत पहिचान योजनाको तरखरमा छ । रोशीले जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै स्थानीय समुदायको अनुकूलन क्षमता अभिवृद्धि गर्ने उद्देश्यले 'एकीकृत अनुकूलन समाधान प्याकेज' को क्षेत्रगत परीक्षण तथा परामर्श थालनी गरेको छ ।

हिन्दूकुश हिमालय क्षेत्रका लागि एकीकृत जलवायु अनुकूलन समाधान (ही-कास) परियोजनाअन्तर्गत अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र वातावरणीय तथा कृषि नीति अनुसन्धान, विस्तार तथा विकास केन्द्र (सिप्रेड) को संयुक्त आयोजनामा त्यस्तो कार्यक्रम अघि बढाउन लागिएको हो । त्यसअन्तर्गत जलवायु परिवर्तनका जोखिमलाई सम्बोधन गर्न खानेपानी तथा मुहान (स्प्रिङ) व्यवस्थापन, जल पुनर्भरण प्रणाली, नवीकरणीय ऊर्जाको पहुँच र कृषि-जैवविविधतालाई एउटै एकीकृत प्रणालीका रुपमा अगाडि बढाउने अवधारणाअनुसार कार्यक्रम तयार पारिएको इसिमोडको कार्यक्रम अधिकृत सदीक्षा गुरागाईंले बताउनुभयो ।

त्यसका लागि पहिलो चरणमा रोशी गाउँपालिकाको-१ स्याउरेटार र २ को चण्डीबेसीमा कार्यक्रम स्थानीय महिला, कृषक तथा स्थानीय समुदायका प्रतिनिधिको सहभागि गराई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोण आत्मसात गर्दै सीमान्तकृत समुदायको आवश्यकता र अनुभवलाई 'अनुकूल औजार' मा समेट्ने प्रयास गरिएको जनाइएको छ । खानेपानीको पहुँच कम हुँदै गएको स्थानमा मुहान संरक्षण गर्दै पुनर्भरणका विधिलाई प्राथमिकता दिइएको छ । उहाँका अनुसार जोखिम नक्साङ्कन, जल बाँडफाँड र प्रणालीको आकार निर्धारणजस्ता व्यावहारिक औजारको परीक्षण गरिरहेका छन् । हाल गाउँपालिकाको दुई वटा वडामा करिब एक हजार ५०० बहुउपयोगी बिरुवासमेत रोपिएका छन् । खानेपानी तथा सिँचाइका स्रोत संरक्षणका लागि मुहान र जलाधार क्षेत्रको वैज्ञानिक व्यवस्थापनसमेत गरिनेछ । यसका लागि हिन्दू कुश हिमाली क्षेत्रमा जलवायु परिवर्तनका असर न्यूनीकरण तथा स्थानीय समुदायको उत्थानशीलता अभिवृद्धिको उद्देश्यले एकीकृत जलवायु अङ्किरण समाधान कार्यक्रम 'इन्टिग्रेटेड क्लाइमेट एड्प्टेशन सोलुसन्स फर द हिन्दू कुश हिमालय' (हाइ-क्यास) परियोजना सञ्चालन गर्न लागिएको हो ।

कार्यक्रम सञ्चालनार्थ रोशी गाउँपालिका, इसिमोड र सिप्रेडबीच आशय-पत्रमा हस्ताक्षर भइसकेको छ । सिँचाइका स्रोत संरक्षणका लागि वैज्ञानिक व्यवस्थापन सँगै परियोजना ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न लैङ्गिक उत्तरदायी, समावेशी र प्रकृतिमैत्री अनुकूलनका उपायमार्फत जोखिममा रहेका समुदाय र महिलाहरूको उत्थानको काम गर्ने उल्लेख गरिएको छ ।

## विपन्न बालबालिकाहरुको सहारा बन्यो गाउँपालिका

❑ *प्रत्यूष समाचारदाता*

गोरखा । आर्थिक अवस्था कमजोर भएकै कारण कोही पनि विद्यालय शिक्षाबाट वञ्चित हुनु नपरोस् भन्ने उद्देश्यले जिल्लाको सहिदलखन गाउँपालिकाले आवाससहित शिक्षा दिने व्यवस्था गरेको छ ।

आफ्नो पालिका भित्रका विपन्न बालबालिकालाई लक्षित गरेर गाउँपालिकाले वडा नं ६ घैरुङ बाँसकोटस्थित हिमालय माविमा आवासहित पढ्न पाउने व्यवस्था गरेको हो । पालिकावासीलाई शिक्षाको अधिकार सुनिश्चित गर्न हिमालय माविमा आवासीय शिक्षाको व्यवस्था गरेको पालिकाका अध्यक्ष रमेश थापा मगरले बताउनुभयो । "पालिकाभित्रका अनाथ, असहाय र आर्थिक रुपमा विपन्न बालबालिकाहरुलाई सुरक्षित आवाससहित गुणस्तरीय शिक्षा दिने उद्देश्यले छात्रावास सञ्चालनमा ल्याएका हौं", अध्यक्ष थापाले भन्नुभयो । हाल गाउँपालिकाको हिमालय माविस्थित छात्रावासमा १३ जना बालबालिकाहरु आश्रित छन् । उनीहरुको कक्षा १० सम्मको शिक्षा र पालनपोषण सबैको जिम्मेवारी गाउँपालिकाले बेहोर्ने अध्यक्ष थापाको भनाइ छ । पालिकाभित्रका विपन्न बालबालिका हरुका लागि आइतबारबाट सुरक्षित आवासीय शिक्षा सञ्चालनमा ल्याएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख राजेन्द्र खनालले बताउनुभयो ।

विपन्न बालबालिकाका लक्षित आवासीय शिक्षा कार्यक्रममा लागि पालिकाले आर्थिक वर्ष २०८२/०८३ मा रु १० लाख विनियोजन गरेको थियो । सोही रकमले हिमालय माविको रित्तो भवनमा छात्र र छात्राहरुका लागि छात्रावास, शौचालय र मेसको व्यवस्थापन गरेको उहाँले जानकारी दिनुभयो । "छात्रावास व्यवस्थापनको काम गत असारमै सकिएको थियो तर बर्खे बिदा र विद्यार्थीहरुको प्रथम त्रैमासिक परीक्षाका कारण सञ्चालनमा ल्याउन ढिला भयो", उहाँले भन्नुभयो । गाउँपालिकाले २० जना बालबालिका क्षमताको छात्रावास सञ्चालनमा ल्याएको छ । त्यसलाई आवश्यकताअनुसार बढाउँदै लैजाने शिक्षा अधिकृत राजेन्द्र खनालले बताउनुभएको छ ।

पारिवारिक अवस्थाका कारण अध्ययन गर्न नसकेका र संरक्षकको आवश्यकता भएका बालबालिकाहरुलाई पालिकाले आवेदन माग गरी छनोट गरेको थियो । छनोट भएका बालबालिकाहरु अधिकांशको आमा, बुबा नभएका वा भएकाहरुले दोस्रो विवाह गरेका र पारिवारिक अपहेलनामा परेका रहेको पालिकाले जनाएको छ ।

## प्रदेशवासीको मुद्दा प्राथमिकतामा राखिने छ : मुख्यमन्त्री थापामगर

मकवानपुर । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले प्रदेशवासीका मुद्दालाई प्राथमिकतामा राख्दै बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

प्रदेशसभाको बैठकमा मंगलबार विश्वासको मत माग्ने क्रममा उहाँले प्रदेश सरकारलाई प्रशासन चलाउने संरचनाभन्दा जनताको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउने सरकारका रूपमा स्थापित गर्ने बताउनुभयो । उहाँले प्रदेशसभाबाट बजेट पारित भइसकेकाले त्यसको प्रभावकारी कार्यान्वयनमा आफ्नो भूमिका हुने बताउनुभयो । सरकारको न्यूनतम साझा कार्यक्रम छिट्टै सार्वजनिक गर्ने उहाँको भनाइ छ । उहाँले उपलब्ध साधनस्रोतको समुचित प्रयोगबाट प्रदेशवासीको आशा र अपेक्षा सम्बोधन गर्नु आफ्नो जिम्मेवारी भएको बताउनुभयो ।

प्रदेश सरकारले स्वास्थ्य, शिक्षा, कृषि, वन, पर्यटन, रोजगारी र सहज सार्वजनिक सेवामा जोड दिने उहाँले बताउनुभयो । गरिब नागरिकले उपचार नपाएर ज्यान गुमाउनुपर्ने अवस्था अन्त्य गर्न प्रभावकारी भूमिका खेल्ने बताउँदै मुख्यमन्त्री थापामगरले सामुदायिक विद्यालयको भौतिक पूर्वाधार, शिक्षाको गुणस्तर, प्रविधिको प्रयोग, शिक्षक क्षमता विकास र विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले किसानलाई अनुदानमा मात्र सीमित नराखी उत्पादनदेखि बजारसम्म जोड्ने नीति लिइने बताउनुभयो । युवाको विदेशपलायन रोक्न प्रदेशमै उद्योग, पर्यटन, सूचना प्रविधि, कृषि, साना उद्यम र खेलकुदमार्फत रोजगारी सिर्जना गर्ने सरकारको लक्ष्य रहेको उहाँले उल्लेख गर्नुभयो । विकास योजनामा ढिलाइ हुने प्रवृत्ति अन्त्य गर्न आवश्यकताका आधारमा योजना छनोट, समयमै ठेक्का प्रक्रिया, गुणस्तरीय निर्माण र समयमै आयोजना सम्पन्न गर्ने प्रणाली विकास गरिने मुख्यमन्त्री थापामगर को भनाइ छ ।

बागमतीमा सङ्घीय राजधानीसहित ठूलो जनसङ्ख्या, आर्थिक गतिविधि, उद्योग, पर्यटन, शिक्षा, स्वास्थ्य र पूर्वाधारको सम्भावना रहे पनि दुर्गम भूगोल, ग्रामीण क्षेत्र, विपन्न तथा सीमान्तकृत समुदाय अझै आधारभूत सेवाबाट टाढा रहेको उहाँको भनाइ छ । मुख्यमन्त्री थापाले सरकार सत्ता पक्षको मात्र नभई प्रदेशका सबै जनताको सरकार भएको बताउँदै प्रतिपक्षको आलोचनालाई विरोधका रूपमा नभई सरकारलाई सही बाटोमा हिँडाउने खबरदारीका रूपमा लिइने प्रष्ट पार्नुभयो ।

## सम्पादकीय ....

### प्राकृतिक विकास जरुरी

पछिल्ला वर्षमा विश्व कुनै पनि देश अप्रत्याशित प्राकृतिक प्रकोपबाट बाहिर छैनन् । जलवायुजन्य विपत्को शृङ्खला बाक्लै देखिन थालेको छ । पाँच वर्षअघि पाकिस्तानमा ठुलो बाढी आयो । लाखौँ घरबारविहीन भए । देशको एक तिहाइ भूभाग नै बाढीको चपेटामा प-यो । हालैको युरोपका डढेलो जस्तै केही वर्षअघि क्यानडा र अमेरिकाका कतिपय राज्य डढेलोबाट प्रभावित भए । बेमौसममा उच्च तापक्रम र लामो सुक्खायाम देखियो । डढेलोले वायुप्रदूषणको मात्रा उच्च भयो । बेमौसममा अत्यधिक वर्षाका कारण दुई वर्षअघि स्पेनमा जलविनाश बढ्यो । ठुलो जनधनको क्षति भयो । लाखौँ मानिसलाई घरबारविहीन बनाउने प्राकृतिक प्रकोप बढिरहेका छन् । अतिवृष्टि, अनावृष्टि, बेमौसमी वर्षा, बाढीपहिरो, खडेरी, सुनामी, चक्रवात जस्ता विपत्ले लाखौँ मानिसलाई घरबारविहीन बनाएको छ । जलवायुजन्य विपत् बढिरहेका छन् र यसको मुख्य कारण मानिसले प्रकृतिप्रति गरेको अन्याय मूल कारण बन्दै गएको छ ।

खास गरी विगत दुई सय वर्षयता मानिसले विकासका नाममा प्राकृतिक दोहनलाई तीव्रता दियो । औद्योगिक क्रान्तियताका वर्ष जैविक इन्धनको दोहनबाट तीव्र आर्थिक विकासको चरण आरम्भ भयो । औद्योगिकीकरणले गति लियो तर प्रकृति र पर्यावरणप्रति ध्यान जान सकेन । नेपालको पहाडी भूभागमा यताका वर्षमा पहिरोको प्रकोप बढ्नुमा बिनाअध्ययन डोजर चलाएर सडक बनाउनु पनि कारण देखिएको छ । जैविक इन्धनको अति दोहनले कार्बन उत्सर्जन बढेको छ । पृथ्वीको तापमान बढाएको छ । फलस्वरूप जलवायुजन्य अप्रत्याशित प्रकोपमा बढोत्तरी भएको छ । प्राकृतिक विनाश नगरी आर्थिक, पूर्वाधार र भौतिक विकासको दिशा नलिने हो भने भावी दिन अझ बढी चुनौतीपूर्ण हुने वैज्ञानिक निष्कर्षले हरित अर्थतन्त्रको महत्व रोजाइ होइन, अपरिहार्य बनाएको छ ।

हरित अर्थतन्त्रको अवधारणाले पर्यावरणीय जोखिम न्यूनीकरण गर्छ । जैविक इन्धनको दोहनलाई न्यूनीकरण गर्दै नवीकरणीय ऊर्जाका माध्यमबाट आर्थिक विकासको आधार सिर्जना गर्छ । प्रकृतिको दिगो संरक्षण र मानिसको सुनिश्चित भविष्यलाई सँगसँगै अगाडि बढाउने अवधारणामा हो- हरित अर्थतन्त्रको विकास । यो अवधारणाले आर्थिक विकासलाई दिगो र समतामूलक बनाउँछ ।

प्राकृतिक प्रकोपबाट पृथ्वीलाई जोगाउँदै आर्थिक तथा सामाजिक विकास गर्ने हो भने न्यून कार्बन उत्सर्जन गर्ने विकास अवधारणा अवलम्बन गरिनु पर्छ । प्राकृतिक दोहन नगर्ने गरी स्रोतसाधनको दक्षतापूर्ण उपयोग गरी समावेशी विकासलाई केन्द्रमा राखिनु पर्छ । पर्यावरणलाई अति दोहन गरी गरिएको विकासले दुश्चक्र पृथ्वीकै निम्ति विनाशकारी हुने स्पष्ट भइसकेको छ । त्यसैले विकासलाई क्षणिक विलासिता होइन, दिगो विकासको आधार सिर्जना गरिनु पर्छ ।

पृथ्वी र मानव सभ्यताको दीर्घकालीन अस्तित्वलाई बचाउने गरी आर्थिक तथा पूर्वाधार विकासको आधार खडा गर्नुपर्ने छ ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# युवाको उत्साह, अनुभव र विधिको शासन

श्यामप्रसाद मैनाली

नेपालको वर्तमान राजनीतिक परिवेशमा एउटा असाधारण आशा जन्मिएको छ । लामो समयदेखि परम्परागत राजनीतिक शक्तिको शासन, अस्थिरता, भ्रष्टाचार, सुशासनको कमजोरी र राज्य संयन्त्रप्रतिको बढ्दो अविश्वासबाट निराश बनेका नेपाली नागरिकले परिवर्तनको खोजी गरेका थिए । यही असन्तुष्टिको पृष्ठभूमिमा युवाको नेतृत्वमा भएको आन्दोलनले पुरानो राजनीतिक समीकरणलाई विस्थापित गऱ्यो र नयाँ राजनीतिक शक्तिलाई अत्यन्त बलियो जनादेशसहित सरकार सञ्चालन गर्ने अवसर प्राप्त भयो ।

वर्तमान सरकारका प्रधानमन्त्री बालेन्द्र शाह स्वयं ३६ वर्षको उमेरमा नेपालको सबैभन्दा कम उमेरका प्रधानमन्त्री बन्नुभएको छ । २०८२ सालको निर्वाचनपछि करिब दुई तिहाई बहुमतको शक्ति प्राप्त गरेको छ । मन्त्रिपरिषद्को ठूलो हिस्सा पनि ४० वर्षभन्दा कम उमेरका व्यक्तिहरूको छ । यो परिवर्तन सामान्य राजनीतिक घटना होइन, नेपाली समाजले पुरानो राजनीतिक संस्कारप्रति दिएको गम्भीर सन्देश हो । त्यसैले वर्तमान सरकारप्रति नागरिकको अपेक्षा पनि सामान्य सरकारप्रतिको भन्दा धेरै ठूलो छ ।

प्रधानमन्त्रीमा देशका लागि केही गरौँ भन्ने हुटहुटी देखिन्छ । अधिकांश मन्त्री तथा सत्तारूढ राजनीतिक नेतृत्वमा पनि नयाँपन, ऊर्जा र परिवर्तनको आकांक्षा देखिन्छ । यसलाई सकारात्मक रूपमा लिनुपर्छ तर शासन केवल इच्छा, उत्साह र लोकप्रियताबाट सञ्चालन हुँदैन । लोकप्रिय केही सामान्य कारबाहीहरु गरेर देशको अवस्थाको परिवर्तन गर्न सकिन्न । शासन सञ्चालनका लागि अनुभव, संस्थागत स्मृति, कानुनी ज्ञान, प्रशासनिक क्षमता, राजनीतिक परिपक्वता र निर्णयको दूरगामी प्रभाव बुझ्ने क्षमता पनि आवश्यक हुन्छ ।

### अन्तरराष्ट्रिय अनुभव

परिवर्तनको सबैभन्दा ठूलो ऊर्जा युवाबाटै आउँछ । संसारका धेरै मुलुकमा युवा उमेरमै राजनीतिक नेतृत्वमा पुगेका व्यक्तिहरूले महत्वपूर्ण परिवर्तन गरेका उदाहरण देख्न सकिन्छ । न्युजिल्यान्डकी जाकिन्दा आर्डेन ३७ वर्षको उमेरमा प्रधानमन्त्री बनिन् । उनले सङ्कटको समयमा सहानुभूति, संवाद र संस्थागत संयमलाई नेतृत्वको महत्वपूर्ण आधार बनाइन् । क्राइस्टचर्चमा भएको आतङ्कवादी हमलापछि उनको मानवीय प्रतिक्रिया विश्वभर उदाहरण बन्यो । उनी युवा थिइन् तर उनले विशेषज्ञता, प्रशासनिक संयन्त्र र संस्थागत प्रक्रियालाई नेतृत्वसँग जोडिन् ।

फ्रान्सका इमानुएल म्याक्रों ३९ वर्षको उमेरमा राष्ट्रपति बने । युवा उमेरले उनलाई नयाँ राजनीतिक दृष्टिकोण अघि सार्न सहयोग गऱ्यो तर फ्रान्सजस्तो जटिल राज्य सञ्चालन गर्न उनले अनुभवी प्रशासनिक तथा कूटनीतिक संयन्त्रलाई प्रयोग गरे । यसबाट सिक्नुपर्ने पहिलो पाठ हो-युवाले नेतृत्व गर्न सक्छन्, तर युवाहरु अनुभवको विकल्प बन्न सक्दैनन् । अनुभव भन्नाले उमेर मात्र होइन, विगतका सफल र असफल अभ्यासबाट सिक्ने क्षमता नै वास्तविक अनुभव हो । आफूभन्दा अगाडि काम गरेका व्यक्तिको ज्ञान ग्रहण गर्नु कमजोरी होइन, नेतृत्वको परिपक्वता हो ।

विश्व इतिहासमा आन्दोलन वा क्रान्तिबाट युवा उमेरमै सत्तामा पुगेका नेताहरू पनि छन् तर उनीहरूको अनुभव एकै प्रकारको छैन । बुर्किनाफासोका थोमस साङ्कारा यसको महत्वपूर्ण उदाहरण हुन् । उनी ३३ वर्षको उमेरमा सन् १९८३ मा क्रान्तिमार्फत सत्तामा पुगे । उनले देशको नाम नै परिवर्तन गरेर बुर्किनाफासो राखे । भ्रष्टाचार नियन्त्रण, शिक्षा, स्वास्थ्य, महिला सहभागिता तथा आत्मनिर्भरतालाई प्राथमिकता दिए । उनको शासनकाल छोटो भए पनि उनको राजनीतिक आदर्श आजसम्म प्रभावशाली छ । बुर्किनाफासोको राष्ट्रपतिको आधिकारिक विवरणले पनि ४ अगस्ट १९८३ देखि १५ अक्टोबर १९८७ सम्म उनको नेतृत्व र क्रान्तिकारी कार्यक्रमको उल्लेख गर्छ तर साङ्काराको अनुभवको अर्को पक्ष पनि उत्तिकै महत्वपूर्ण छ । क्रान्तिकारी उत्साह, व्यक्तिगत लोकप्रियता र परिवर्तनको तीव्र चाहनाले मात्र दीर्घकालीन रुपमा लोकतान्त्रिक संस्था निर्माण गर्न सक्दैन । सन् १९८७ मा आफ्नै सहकर्मी ब्लेज कम्पाओरेको नेतृत्वमा भएको 'कू' मा परी उनको अवसान भएको इतिहास छ ।

### दुई तिहाइको बहुमत अवसर हो

नेपालमा वर्तमान सरकार आन्दोलनको राजनीतिक ऊर्जा र जनताको मतबाट बनेको हो । त्यसैले यसले क्रान्तिकारी आवेगलाई लोकतान्त्रिक संस्थागत रूपान्तरणमा बदल्नुपर्छ, क्रान्तिको नाममा संस्था कमजोर बनाउने दिशामा जानु हुँदैन । वर्तमान सरकारसँग एउटा असाधारण राजनीतिक शक्ति छ । झन्डै दुई तिहाइको जनादेश छ । यस्तो शक्ति धेरै सरकारलाई प्राप्त हुँदैन तर ठूलो बहुमतसँग ठूलो जिम्मेवारी पनि आउँछ । जनताले सरकारलाई अझ बढी जिम्मेवार भएर काम गर्ने अवसर दिएका हुन् ।

नेपालमा पुराना राजनीतिक नेतृत्वहरुप्रति नागरिकहरूको आक्रोश छ । भ्रष्टाचार, ढिलासुस्ती, राजनीतिक संरक्षण, दण्डहीनता र प्रशासनिक कमजोरी हटाउन कठोर कदम चाल्न आवश्यक छ, तर कठोर कदम विद्यमान कानुन, प्रक्रिया, विधिसम्मत हुनुपर्दछ । लोकतन्त्रमा सरकारले गलत काम गर्ने व्यक्तिमाथि कारबाही गर्नसक्छ तर कारबाहीको पनि विधि हुन्छ, प्रक्रिया हुन्छ, प्रमाण चाहिन्छ । सम्बन्धित व्यक्तिलाई आफ्नो कुरा राख्ने अवसर हुन्छ । निर्णयमाथि पुनरावलोकनको बाटो हुन्छ । न्यायिक परीक्षणको सम्भावना हुन्छ । यी प्रक्रिया जटिल देखिएता पनि लोकतन्त्रको सुन्दरता भनेकै यही हो । विधिको शासन व्यक्तिको हितका लागि होइन, सबैका लागि समान सुरक्षा सुनिश्चित गर्न आवश्यक हुन्छ ।

नेपालको प्रशासनिक संयन्त्रमा दशकौँ काम गरेका कर्मचारी, न्यायाधीश, कूटनीतिज्ञ, प्राध्यापक, अर्थशास्त्री, प्राविधिक र सुरक्षा अधिकारीहरू छन् । उनीहरूसँग सबै उत्तर नहुन सक्छन् तर राज्य सञ्चालनका अनेक अनुभव छन् । नयाँ सरकारले उनीहरूलाई पुरानो व्यवस्था बोकेका व्यक्ति भनेर मात्र हेर्नु हुँदैन । स्मरण रहोस्, यी गुणस्तरयुक्त अनुभवी व्यक्तित्वहरू सरकारका नजिक पुगेर आत्मप्रशंसा गर्न चाहँदैन, उनीहरू स्वाभिमानी हुन्छन् । सरकारले खोजी गर्न सक्नुपर्छ । पुरानो पुस्ताको कमजोरी र अनुभवबाट पनि नयाँ पुस्ताले सिक्नुपर्छ । युवाको ऊर्जा र अनुभवी पुस्ताको ज्ञानबीच सम्बन्ध स्थापित गर्नसके मात्र राज्यसंयन्त्र प्रभावकारी हुन्छ । युवाले दिशा दिन सक्छन्, अनुभवीले बाटोको जोखिम देखाउन सक्छन् । प्रविधिले गति दिन सक्छ, संस्थाले स्थायित्व दिन्छ ।

### सरकारका लागि केही सुझावहरू

वर्तमान सरकार देशको अवस्था परिवर्तन गर्न जिम्मेवारीका साथ सत्तामा पुगेको छ । गल्ती गर्ने छुट वर्तमान सरकारलाई छैन । तसर्थ, केही विषयहरूलाई प्राथमिकतामा राखी शासन सञ्चालन गर्नु उपयुक्त हुन्छ । पहिलो हो, उत्साहलाई प्रणालीमा रूपान्तरण गर्नुपर्छ । प्रधानमन्त्रीको हुटहुटी सकारात्मक शक्ति हो तर प्रधानमन्त्रीको व्यक्तिगत ऊर्जा सम्पूर्ण राज्य संयन्त्रको कार्यक्षमतामा परिणत हुनुपर्छ । आफ्नो स्थायी संयन्त्रमाथि पूर्णविश्वास गर्नुपर्छ र त्यसलाई सक्षम बनाउनुपर्छ ।

दोस्रो हो, कानुनी प्रक्रिया र संस्थागत मर्यादा कहिल्यै नाघ्नु हुँदैन । भ्रष्टाचारविरुद्ध कठोरता आवश्यक छ तर कठोरता कानूनसम्मत हुनुपर्छ । सरकारले आफ्नो लोकप्रियता वा बहुमतको बलमा संवैधानिक संस्था, संसद्, न्यायपालिका, प्रशासन वा स्वतन्त्र नियामक निकायहरुलाई अझ बलियो बनाउनुपर्छ । तेस्रो हो, छोटो समयको लोकप्रियतालाई भन्दा दीर्घकालीन सुधार रोज्नुपर्छ । नयाँ सरकारसँग जनताको आशा धेरै हुँदा पनि सबै कुरा एकै वर्षमा परिवर्तन गर्न खोज्दा प्रशासनिक अव्यवस्था उत्पन्न हुनसक्छ । सय दिनमा देखिने परिणामभन्दा १० वर्षपछि पनि टिक्ने संस्थागत सुधार महत्वपूर्ण हुन्छ । सरकारले शिक्षा, स्वास्थ्य, रोजगारी, उद्योग, कृषि, पूर्वाधार, प्रशासनिक सुधार, भ्रष्टाचार नियन्त्रण र न्याय प्रणालीका क्षेत्रमा स्पष्ट प्राथमिकता निर्धारण गरेर चरणबद्ध रूपमा काम गर्नुपर्छ । चौथो हो, आलोचनालाई स्वागत गर्ने संस्कारको विकास हुनुपर्छ । लोकतन्त्रमा आलोचना सरकारको कमजोरी होइन, सरकारलाई सुधार्ने माध्यम हो ।

### नयाँ नेतृत्वका लागि विश्वको सन्देश

दक्षिण एसियाली मुलुकमा भएका 'जेन्जी' पुस्ताको आन्दोलनले एउटा नयाँ राजनीतिक युग सुरु गरेको देखिन्छ । नेपालमा २०८२ सालको जेन्जी आन्दोलनले तत्कालीन सरकार ढालेपछि २०८२ सालको निर्वाचनमा ठूलो राजनीतिक परिवर्तन भयो । बङ्गलादेश र श्रीलङ्कामा पनि युवा तथा जनआन्दोलनले स्थापित राजनीतिक शक्तिलाई चुनौती दिए तर 'च्याथम हाउस'ले हालै गरेको विश्लेषणमा यी नयाँ सरकारहरूले ठूलो जनादेश पाए पनि शासन सञ्चालनको जटिलता र अनुभवको कमीका कारण चुनौती सामना गरिरहेको उल्लेख छ । यसको अर्थ आन्दोलन जित्नु र राज्य चलाउनु फरक कुरा हो भन्ने पुष्टि हुन्छ । आन्दोलनले असन्तुष्टि व्यक्त गर्छ । शासनले समाधान दिनुपर्छ र नयाँ संस्था निर्माण गर्नुपर्छ ।

अन्त्यमा, नेपालको वर्तमान सरकारसँग एउटा दुर्लभ अवसर छ । पुराना राजनीतिक शक्तिप्रतिको निराशा, युवाको ऊर्जा, जनताको परिवर्तनको चाहना र झन्डै दुई तिहाइको संसदीय शक्ति, अहिले यी चारवटै कुरा एउटै सरकारको हातमा आएको अवस्था छ । वर्तमान सरकारका लागि आजको सबैभन्दा महत्वपूर्ण अस्त्र भनेकै ऊर्जाले भरिएका शिक्षित युवाहरू शासनमा हुनु हो । उनीहरुले गरेको निर्णयहरु तथ्यमा आधारित होस् । नेतृत्वले राजनीतिक संस्कार स्वीकार गरोस् । तीव्र सुधारका दिशामा अघि बढोस् ।

**लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं**

- **लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,**
- **युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,**
- **साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,**
- **लागुऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,**
- **समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,**
- **परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,**
- **लागुऔषध प्रयोग नगरौं/नगराऔं ।**

**लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

# प्रदेश तथा स्थानीय सरकारको अन्तरसम्बन्ध सुदृढीकरण गरिने

कर्णाली । कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले प्रदेश तथा स्थानीय सरकारको अन्तरसम्बन्ध सुदृढीकरणमा जोड दिने बताउनुभएको छ ।

नेपाल नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपालका कर्णाली प्रदेश अध्यक्षद्वय हस्त पुन र निमबहादुर केसीको सहितको पदाधिकारीहरूको टोलीले मंगलबार बुझाएको ज्ञापन पत्र ग्रहण गर्दै मुख्यमन्त्री शाहीले संविधानको मर्म तथा प्रदेशको समृद्धि र विकासका लागि ज्ञापनपत्रमा उल्लेख भएका मागहरूलाई प्रदेश सरकारले कार्यान्वयनका लागि विशेष जोड दिने बताउनुभयो ।

उहाँले भन्नुभयो, “स्थानीय तहको विकासविना प्रदेशको उन्नति र समृद्धि कल्पना गर्न सकिँदैन । स्थानीय शासन सवलीकरण र प्रदेश तथा स्थानीय सरकारको अन्तरसम्बन्ध सुदृढीकरणमा प्रदेश सरकार गम्भीर छ । यसमा स्थानीय सरकारहरूले नागरिकलाई केन्द्रमा राखेर आफ्नो कार्यसम्पादनलाई जनमुखी, पारदर्शी, जवाफदेही र परिणामुखी बनाउँदै लैजानुपर्दछ ।” प्रदेश तथा स्थानीय सरकारबीचको अन्तरसम्बन्ध सुदृढीकरण, स्थानीय शासन सवलीकरण तथा स्थानीय सरकारका समसामयिक समस्या समाधानका लागि सङ्घ र महासङ्घ, नेपालका कर्णाली प्रदेश अध्यक्षद्वय पुन र केसीद्वारा संयुक्त हस्ताक्षरित आठ बुँदे ज्ञापन पत्र मुख्यमन्त्री शाहीसमक्ष बुझाइएको छ ।

उक्त ज्ञापनपत्रमा संविधानले परिकल्पना गरेको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तअनुसार प्रदेश र स्थानीय सरकारबीचको सम्बन्धलाई निर्देशनमुखी नभई साझेदारी र परिणाममुखी बनाउनुपर्नेमा जोड दिइएको छ । जसमा कर्णाली प्रदेश समन्वय परिषद्ले हालसम्म ११ वटा बैठक सम्पन्न गरी १२३ वटा निर्णय गरेको उल्लेख गर्दै परिषद्का निर्णयलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने माग गरिएको छ । संविधानको धारा २३५ बमोजिम प्रदेश र स्थानीय तहबीच समन्वय तथा विवाद समाधानसम्बन्धी कानुन निर्माण गर्नुपर्ने भए पनि कर्णालीमा अझै यस्तो कानुन बन्न नसकेको भन्दै प्रक्रिया तत्काल अघि बढाउन आग्रह गरिएको र प्रदेशस्तरमा विषयगत समितिको व्यवस्था गरी प्रदेशका विषयगत मन्त्रालय र स्थानीय सरकारबीच प्रत्यक्ष समन्वय स्थापित गर्नुपर्ने सुझाव दिइएको नेपाल नगरपालिका सङ्घका कर्णाली प्रदेश अध्यक्ष पुनले जानकारी दिनुभयो ।

प्रदेश र स्थानीय सरकारले निर्माण गरेका कानुनको एकीकृत अभिलेखीकरण प्रणाली विकास, प्रदेशसभा र स्थानीय सभाबीच विधायिकी अन्तरसम्बन्ध कायम, कानुनको उत्तरविधायिकी परीक्षण तथा स्थानीय सरकारका महत्त्वपूर्ण कार्यहरूको अभिलेखीकरण प्रणाली स्थापना गर्नुपर्ने विषय पनि ज्ञापनपत्रमा समेटिएको उहाँले बताउनुभयो। गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपाल कर्णाली प्रदेश अध्यक्ष केसीले ज्ञापनमार्फत सुशासन तथा प्रशासनिक सुधारतर्फ स्थानीय तहको बेरुजु फर्स्योटमा प्राविधिक सहयोग, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणमा सहजीकरण, सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी राष्ट्रिय रणनीतिको स्थानीयकरण तथा प्रदेश-स्थानीय प्रशासनिक अन्तरसम्बन्ध सुदृढ गर्न प्रशासनिक परिषद्को व्यवस्था गर्नुपर्ने माग राखिएको बताउनुभयो। त्यस्तै, प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानलाई प्रदेश र स्थानीय सरकारको स्वामित्वमा रहेको स्वायत्त संस्थाका रूपमा प्रभावकारी सञ्चालन गर्न, मागमा आधारित तालिमलाई प्राथमिकता दिन तथा आगामी स्थानीय तहको निर्वाचनपछि निर्वाचित हुने जनप्रतिनिधिका लागि कम्तीमा सात दिनको सघन प्रारम्भिक क्षमता विकास तथा अभिमुखीकरण कार्यक्रम सञ्चालनको पूर्वतयारी गर्न आग्रह गरिएको उहाँले बताउनुभयो ।

वर्तमान स्थानीय सरकारको कार्यकालको अन्तिम वर्षलाई परिणाम मुखी बनाउन बेरुजु फछ्र्यौट, वित्तीय अनुशासन, स्थानीय सरकारका असल अभ्यासको दस्ताबेजीकरण, उपलब्धिको अभिलेखीकरण तथा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणमा प्रदेश सरकारले सहयोग गर्नुपर्ने, प्रदेशबाट स्थानीय तहमा जाने समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान समयमै, पारदर्शी र पूर्वानुमानयोग्य रूपमा उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेमा विशेष जोड दिइएको छ ।

टोलीले अनुदानमा हुने ढिलाइले स्थानीय तहको बजेट कार्यान्वयन, योजना व्यवस्थापन र सेवा प्रवाहमा प्रत्यक्ष असर पर्ने प्रदेश समन्वय परिषद् तथा विषयगत समितिबाट भएका निर्णय र प्रतिबद्धताको नियमित समीक्षा, कार्यान्वयन अनुगमन का लागि निर्णय कार्यान्वयन ट्र्याकिङ प्रणाली विकास, सुशासन, सेवा प्रवाह, स्थानीय आर्थिक विकास, सङ्घीयता कार्यान्वयनका दृष्टिले उदाहरणीय प्रदेश बनाउन प्रदेश र स्थानीय सरकारबीचको सहकार्य र साझेदारी अझ सुदृढ गर्न मुख्यमन्त्री समक्ष आग्रह गरेको छ ।

# भक्तपुरमा गाईजात्राको रौनक

भक्तपुर । प्रत्येक वर्ष भाद्र शुक्ल प्रतिपदाको दिन नेवार समुदायले भक्तपुरमा भव्य रुपमा मनाउने गाईजात्रा अर्थात् सापारुको टोलटोलमा तयारी पूरा भएको छ ।

गाईजात्रा पर्व यस वर्ष भदौ १३ गते शनिबार नेवार समुदायले आफ्ना दिवङ्गत पितृको सम्झनामा मनाउने गाईजात्राका लागि टोलटोलमा धिमे बाजाको तालमा लठ्ठी जुधाई घेन्ताङघिंसी नाचलगायत अन्य नाचहरुको तयारी पूरा भएको छ। नेवार समुदायले वर्ष दिनभरि दिवङगत भएका आफन्तको नाममा जिउँदो गाई घुमाउने र धेरैले प्रतिकात्मक रुपमा माटोको गाई बनाएर नगर घुमाउने प्रचलन रहेको छ। यो प्रचलनलाई नेपाल भाषामा ‘सायात’ गर्ने भन्ने गरिएको संस्कृतिविद् देवराज जोशीले जानकारी दिनुभयो । ‘सा’ भन्नाले गाई र ‘यात’ भन्नाले यात्रा वा जात्रा भन्ने गरिन्छ ।

काठमाडौँ उपत्यकालगायत विभिन्न जिल्लामा बसोबास गर्दै आएका नेवार समुदायले आआफ्नै शैली तथा परम्पराअनुसार गाईजात्रा मनाउने प्रचलन छ । जनै पूर्णिमाको दिन साँझपख तलेजुबाट घेन्ताघिंसी नाच सहित तलेजुको सा (गाई) निकालेर भक्तपुर नगरको प्रदक्षिणा मार्ग भएर परिक्रमा गरेपछि भक्तपुरमा आठदिनसम्म मनाइने गाईजात्रा सुरु हुन्छ ।

प्रतिपदाका दिन बिहानैबाट दिवङ्गतको नाममा भक्तपुरवासीले गाईजात्रा निकाल्ने गर्दछन् । दिवङ्गत ससाना केटाकेटीको सम्झनामा बिहान कतिपयले विशेषगरी डोकोमा बनाएको गाई अर्थात ‘दोकचा सा’ बोकेर घुमाउने र कतिपयले जिउँदो गाई पनि घुमाएर जात्रा मनाउने उहाँले बताउनुभयो । कतिपयले कालो माटोको बसाहा बनाइ सिङ्गारिएको खटमा राखेर बाजागाजाका साथ नगर परिक्रमा गर्ने प्रचलन रहेको छभने केटाकेटीलाई सिङ्गारपटार गरेर कम्मरमा पटुका बाध्नँ लगाई दुई टुप्पो भुइँमा लत्रने गरी घुमाउने प्रचलनलाई ‘वासा लुयेगु’ पनि भन्ने गरिन्छ। भक्तपुरको सापारुको सबभन्दा आकर्षण ताहासाँ अर्थात चार वटा लामो लामो बाँसबाट बनेको गाई हो। दुई जनाले अग्लो ताहासाँको अगाडि-पछाडि कपडाको डोरी समाउने र चार जनाले बोकेर पाका उमेरका दिवङ्गतको सम्झनामा परिक्रमा गर्ने अर्का संस्कृतिकर्मी प्रताप श्रेष्ठले जानकारी दिनुभयो । यसरी ताहासाँको अघि-अघि केटाकेटी, युवायुवतीदेखि पाका उमेरकासम्मका स्थानीयले परम्परागत धिमे बाजाको तालमा लठ्ठी जुधाई घेन्ताङघिंसी नाच नाच्दै आउँदा ठूलो रौनक थपिन्छ । जात्रामा ‘घिनिताङ घिनिता घिन्ताङघिसी त्वाङ्ग’ भनेर सांस्कृतिक गीत गाएर नाचिने प्रसिद्ध घिन्ताङघिसी नाचले आकर्षण थप्ने उहाँ बताउनुहुन्छ ।

आठदिनसम्म घिन्ताङघिसी नाच सँगै हनुमान नाच, जङ्गल नाच र माक प्याखं अर्थात् बाँदर नाचसमेत टोलटोलमा प्रदर्शन गर्ने परम्परा रहेको छ । यसका साथै लाखे नाच, भैरव नाचलगायत देवीदेवताका नाचसमेत प्रदर्शन गर्ने परम्परा रहेको छ । विभिन्न घरबाट निकालिएको जात्रा दरबार स्क्वायर, बालाखु गणेश, चोछैं, भोलाछैं, महालक्ष्मी, नागपोखरी, क्वाठण्डौं, नवदुर्गास्थान, सूर्यमढी, दत्तात्रय, सुकुलढोका, गोलमढी, तौमढी, पोटरीस्क्वायर, वंशगोपाल, इताछैं, खौमाको परिक्रमा गराउने गर्दछन् । गाईजात्राको दिन नौ जोर लुगा लगाउनुपर्ने, नौ थरी खाने कुरा खानुपर्ने र नौ पटक टोल घुम्नुपर्ने परम्परा रहिआएको छ। त्यसदिन दिवङ्गत भएका आफन्तको सम्झनामा गाईजात्राका सहभागीलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान गर्ने परम्परा रहेको छ। दिनभरि जात्रा गरेपछि साँझतिर भक्तपुरको लाकुलाछेंबाट परालबाट मात्रै ‘सुयाम्ह भैल द्यः’ र भद्रकालीको ताहाँसा घेन्ताघिंसी निकालेर नगर परिक्रमा गराएपछि भने त्यसदिनको जात्रा सम्पन्न हुने उहाँ गर्दछ । भक्तपुरको सापारु आठदिनसम्म विभिन्न देवदेवीको जात्रा गरी कृष्णाष्टमीमा समापन हुने गर्दछ। गाईजात्राका दिनबाहेक अन्य दिनमा अपरान्हदेखि टोलटोलबाट घेन्ताङघिंसी गाईजात्रा रुटमा प्रर्दशन गर्ने, बिभिन्न नाचहरु र व्यंङ्ग्य गर्ने प्रचलन रहेको छ ।

इतिहास अनुसार कान्तिपुरका राजा प्रताप मल्लको कान्छा छोरा चक्रवर्तेन्द्रको अल्पायूमै पछि शोकाकूल रानीलाई सान्त्वना दिन दिवंगत घरबाट गाईजात्रा निकाल्न भनेपछि ने.स. ७९० मा प्रचलन चलाएको कथन रहेको जोशी बताउनुहुन्छ। हिन्दू धर्मग्रन्थ पद्मपुराणमा उल्लेख भएअनुसार वर्षभर बन्द हुने स्वर्गद्वार गाईजात्रा निकालेपछि खुल्छ र त्यो समयमा मृतकको नाममा प्रतिकात्मक गाई बनाएर वैतरणी नदी पार गरी स्वर्ग जाने भन्ने मान्यता रहँदै आएको उहाँ बताउनुहुन्छ। सापारु अर्थात गाईजात्राको लिच्छवीकालमा विकास हुँदै लिच्छवी राजा आनन्द देवले चारैतिर अष्टमातृका देवी तथा मध्यभागमा भैरव स्थापना गरी सम्पूर्ण नेपाल मण्डलको राजधानी भक्तपुर बनाएर जात्रा चलाएको भनाइ छ ।

# विश्वविद्यालयका उपकुलपतिसँग शिक्षा तथा खेलकुद मन्त्रालयको छलफल

काठमाडौँ। शिक्षा तथा खेलकुद मन्त्रालयले केही विश्वविद्यालय ऐन संशोधनसम्बन्धी विधेयक तयार गर्ने क्रममा सङ्घीय विश्वविद्यालयका उपकुलपतिसहित सरोकारवालासँग छलफल गरेको छ ।

सिंहदरबारस्थित मन्त्रालयमा मंगलबार (हिजो) भएको छलफलमा विश्वविद्यालयका ऐनमा गर्नुपर्ने संशोधन, विश्वविद्यालयको स्वायत्तता, सुशासन, शैक्षिक तथा प्रशासनिक सुधार र समसामयिक आवश्यकताअनुसार कानुनी व्यवस्था परिमार्जन गर्ने विषयमा सुझाव लिइएको हो । छलफलमा सहभागी विज्ञ तथा सरोकारवालाले उच्च शिक्षालाई गुणस्तरीय, अनुसन्धानमुखी, उत्पादनशील र व्यवहारिक बनाउन नीतिगत सुधार आवश्यक रहेको बताएका छन् । विश्वविद्यालयको क्षमता अभिवृद्धि, शैक्षिक गुणस्तर कायम तथा विद्यार्थीलाई प्रतिस्पर्धी बजारमा टिक्न सक्ने बनाउने विषयलाई आगामी कानुनमा प्राथमिकता दिनुपर्नेमा उनीहरूले जोड दिएका छन्। राष्ट्रिय योजना आयोगका सदस्य डा सुदन झाले विश्वविद्यालयको शैक्षिक गुणस्तर सुधार गर्दै ज्ञान उत्पादनमा केन्द्रित हुनुपर्ने बताउनुभयो । उहाँले हरेक विश्वविद्यालयले अनुसन्धान र ज्ञान उत्पादनको अवधारणाअनुसार अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेलले विश्वविद्यालयको शैक्षिक सुधार, उत्कृष्ट विश्वविद्यालय निर्माण तथा उच्च शिक्षासम्बन्धी ठोस नीति बनाउन छलफल महत्त्वपूर्ण रहेको बताउनुभयो । उहाँले विद्यालय शिक्षा ऐनको मस्यौदा लेखन प्रक्रिया अघि बढिसकेको र सातै प्रदेशबाट सुझाव प्राप्त भएको जानकारी दिनुभयो । सचिव पौडेलका अनुसार मन्त्रालयले चालु आर्थिक वर्षमा शिक्षा क्षेत्रसँग सम्बन्धित छ वटा विधेयक अघि बढाउने तयारी गरेको छ ।

शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले विश्वविद्यालयप्रति विद्यार्थीको आकर्षण बढाउने नीतिगत व्यवस्था आवश्यक रहेको बताउनुभयो । उहाँले विश्वविद्यालयको सङ्ख्या, छात्रवृत्तिको पारदर्शिता, प्रभावकारितालगायत विषयलाई कानुनमा समेट्नुपर्ने धारणा राख्नुभयो ।

विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा डा खड्गबहादुर केसीले उच्च शिक्षाको नीतिगत सुधारका लागि छलफल महत्वपूर्ण भएको बताउँदै नेपालका विश्वविद्यालय अनुसन्धानमुखी संस्थाका रूपमा विकास हुनुपर्नेमा जोड दिनुभयो । विश्वविद्यालयले अध्यापन मात्र नभई ज्ञान उत्पादनमा केन्द्रित हुनुपर्ने उहाँको भनाइ थियो । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा डा भोला थापाले विश्वविद्यालयका गतिविधिलाई प्रभावकारी र चलायमान बनाउन सम्बन्धित ऐन छिटो ल्याउनुपर्ने बताउनुभयो ।

मंगलबार भएको छलफलमा काठमाडौँ विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, कृषि तथा वन विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति तथा प्रतिनिधिले उच्च शिक्षा सुधार र ऐनमा समेटिनुपर्ने विषयबारे सुझाव दिएका थिए । त्यसै गरी विभिन्न विश्वविद्यालयका रजिस्ट्रार, डीन, प्राध्यापक, मन्त्रालयका उच्च अधिकारी, राष्ट्रिय योजना आयोगका प्रतिनिधि, नीति निर्माता तथा अन्य सरोकारवालाको सहभागिता रहेको थियो । मन्त्रालयका सहसचिव जयराम अधिकारीले विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी विद्यमान कानुनी प्रावधानमा आवश्यक सुधारका विषयमा राय तथा सुझाव लिन छलफल आयोजना गरिएको बताउनुभयो ।

छलफलमा नेपालको उच्च शिक्षा क्षेत्रको वर्तमान अवस्था, शैक्षिक गुणस्तर अभिवृद्धि, अनुसन्धानको विस्तार तथा उच्च शिक्षालाई थप प्रभावकारी र प्रतिस्पर्धी बनाउने विषयमा विचार-विमर्श गरिएको मन्त्रालयले जनाएको छ ।

# विदेश पठाउने भन्दै ठगी गर्ने पाँच जना पक्राउ

काठमाडौँ। प्रहरीले वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देशहरू पठाइदिने भन्दै रकम ठगी गरेको अभियोगमा पाँच जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा झापा घर भइ हाल काठमाडौँ बुढानिलकण्ठ नगरपालिका-१० बस्ने २९ वर्षीया सुष्मा भण्डारी, सिन्धुली घर भइ हाल काठमाडौँ कागेश्वरी मनोहरा नगरइपालिका-९ बस्ने २८ वर्षीया करिना देवकोटा, झापा घर भइ काठमाडौँ महानगरपालिका-३ बस्ने २७ वर्षीय साजन खनाल, दोलखा घर भइ भक्तपुर सूर्यविनायक नगरपालिका-१ बस्ने ३४ वर्षीय पेमा लामा तथा ओखलढुङ्गा घर भइ काठमाडौँ महानगरपालिका-१५ बस्ने २७ वर्षीया तोमकुमारी थापा रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ। पक्राउ परेका मध्ये सुष्माले चेक रिपब्लिक पठाइदिने भन्दै रु पाँच लाख ३५ हजार, करिनाले लिथुआनिया पठाइदिने भन्दै रु दुइ लाख ५० हजार, साजनले फिनल्याण्ड पठाइदिने भन्दै रु १२ लाख, पेमाले रोमानिया पठाइदिने भन्दै रु एक लाख र तोमकुमारीले माल्टा पठाइदिने भन्दै रु एक लाख ३५ हजार लिई सम्पर्कविहीन भएको भन्ने उजुरीको आधारमा पक्राउ गरिएको प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो ।

प्रहरीले सुष्मालाई काठमाडौँ बुढानिलकण्ठ नगरपालिका-१०, करिना र साजनलाई काठमाडौँ महानगरपालिका-३ तथा पेमालाई काठमाडौँ महानगरपालिका-१२ र तोमकुमारीलाई काठमाडौँ महानगरपालिका-१५ बाट पक्राउ गरिएको जनाएको छ । उनीहरूलाई मंगलबार आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौँ पठाइएको प्रवक्ता कार्कीले बताउनुभयो ।

# मधेस प्रदेशमा मोहम्मद जयन्तीमा बिदा

जनकपुर । मधेस प्रदेश सरकारले मोहम्मद जयन्ती (मोहम्मद दिवस) को अवसरमा मुस्लिम धर्मावलम्बीलाई प्रदेशभर यही भदौ १० गते बिदा दिने निर्णय गरेको छ ।

मधेस प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रवक्ता राधेशङ्कर प्रसाद पालले मंगलबार सूचना जारी गर्दै बुधबार परेको मोहम्मद जयन्तीका अवसरमा मुस्लिम धर्मावलम्बीका लागि बिदा दिने निर्णय भएको जानकारी दिनुभएको हो । सूचनामा नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसार मोहम्मद जयन्तीका दिन नेपाली मुस्लिम धर्माव लम्बीका लागि बिदा दिने व्यवस्था भए बमोजिम प्रदेशमा बिदा दिने निर्णय गरिएको उल्लेख छ ।

प्रदेश मन्त्रालयले बिदासम्बन्धी निर्णयबारे प्रदेशका सम्बन्धित सबैलाई जानकारी गराएको छ ।

# अन्नपूर्णको विपद् व्यवस्थापन कोषमा रु दुई लाख ५० हजार सहयोग

कास्की । कास्कीको अन्नपूर्ण गाउँपालिकामा विपद्बाट प्रभावितहरूको राहत र पुनःस्थापनाका लागि सञ्चालनमा ल्याइएको विपद् व्यवस्थापन कोषमा छोम्रोङ पर्यटन व्यवस्थापन समितिले सहयोग प्रदान गरेको छ ।

अन्नपूर्ण-११ क्रियाशील रहेको समितिले मंगलबार गाउँपालिकालाई रु दुई लाख ५० हजार नगद सहयोग प्रदान गरेको हो। गाउँपालिकाका विभिन्न क्षेत्रमा आएको बाढीपहिरो तथा अन्य विपद्जन्य घटनाबाट प्रभावित क्षेत्रको पुनःनिर्माण, पीडित परिवारको राहत, उद्धार तथा पुनःस्थापनाका लागि गाउँपालिकाले विपद् व्यवस्थापन कोष बनाएर सबैमा सहयोगको आह्वान गरेको छ । गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले विपद्मा सहयोगी हातहरू बढ्दै गएको बताउनुभयो । उहाँले छिमेकी गाउँपालिकाहरूबाट समेत सहयोगको प्रतिबद्धता प्राप्त भएको बताउनुभयो ।

अध्यक्ष केसीले बिरेठाँटीमा मोदीखोलाको कटानबाट जोखिममा परेको बस्तीको संरक्षण तथा क्षतिग्रस्त सडक पुनःनिर्माणको काम सोमबारदेखी सुरु भएको जानकारी दिनुभयो। मोदीखोलाको कटानका कारण बिरेठाँटी क्षेत्रको बस्ती र सडक संरचनामा जोखिम बढेपछि गण्डकी प्रदेश सरकार र गाउँपालिकाको अग्रसरतामा तत्काल संरक्षण तथा पुनःनिर्माणको काम अघि बढाइएको हो ।

बस्ती संरक्षणका लागि ग्याबिन जालीमा ढुङ्गा हालेर निर्माण सुरु गरिएको हो। निर्माण कार्यमा नेपाली सेनाका १०० जनाको जनशक्ति परिचालन गरिएको छ। बाढीका कारण मोदी खोलाले आफ्नो वहाब परिवर्तन गरी बस्तीतर्फ सोझिएपछि केही दिनअघि जेसिबीको सहायताले नदीलाई पूर्ववतस्थानमा फकाइएको थियो ।

सेनाको सहयोगमा ग्याबिन जाली निर्माणलाई तीव्रता दिँदै बस्तीको सुरक्षा गर्ने र अवरुद्ध बिरेठाँटी-घान्द्रुक तथा घोरेपानी सडकलाई यथाशीघ्र सञ्चालनमा ल्याउने लक्ष्य राखिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “विपद्जन्य घटनाका कारण गाउँपालिकाभित्रका सडक, पुल, होटललगायतका भौतिक संरचनामा ठूलो क्षति पुगेको छ। पालिका एक्लैको प्रयासले सम्भव नभएपछि विपद् व्यवस्थापनका लागि कोष बनाएर कठिन परिस्थितिमा प्रभावित परिवारको राहत, उद्धार र पुनःस्थापनाका लागि सबै व्यक्ति, सङ्घसंस्था तथा सरोकारवालालाई सहयोग गर्न अपिल गरेका छौँ”, अध्यक्ष केसीले भन्नुभयो ।

गाउँपालिकाले प्राप्त सहयोग रकमलाई विपद् प्रभावित परिवारको राहत, उद्धार, पुनःनिर्माण तथा पुनःस्थापनाका कार्यमा प्राथमिकताका साथ परिचालन गर्ने जनाएको छ ।

अन्नपूर्णमा यस वर्ष बाढी र पहिराका कारणले बस्ती, सडक, पुल तथा अन्य निजी संरचनामा क्षति पुगेको छ। गत साउन २८ गतेको बाढीले अन्नपूर्ण-८ को बिरेठाँटी बजारमा कटान गर्दा बजार जोखिममा परेको छ। सोही स्थानमा बाढीले १०० मिटर सडक बगाउँदा बिरेठाँटी-घान्द्रुक सडक सम्पर्क टुटेको छ ।

बाढीले बढी क्षति गरेको बिरेठाँटी पर्यटकीय क्षेत्र घान्द्रुक, छुम्रुङ र अन्नपूर्ण आधार शिविर (एबिसी) जाने प्रमुख प्रवेशमार्ग हो। यसैगरी बीरेठाँटी हुँदै तिखेढुङ्गा, उल्लेरी भएर म्याग्दीको प्रसिद्ध घोडेपानी तथा पुनहिल जाने भएकाले सडक अवरुद्ध हुँदा पर्यटकीय गतिविधि सुनसान बनेको छ भने स्थानीय जनजीवनसमेत प्रभावित बनेको छ ।

# बागमतीका मुख्यमन्त्रीलाई विश्वासको मत

मकवानपुर। बागमती प्रदेशका नवनियुक्त मुख्यमन्त्री किरण थापामगरले प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्नुभएको छ ।

मंगलबार प्रदेशसभामा भएको मतदानमा मुख्यमन्त्री थापामगर पेस गर्नुभएको विश्वासको मतको प्रस्तावको पक्षमा ५७ मत परेको हो। उहाँको पक्षमा सत्ता साझेदार नेकपा (एमाले) का २४, नेपाली कम्युनिष्ट पार्टीका २६ र राप्रपाका सात जना प्रदेशसभा सदस्यले मतदान गर्नुभएको हो । प्रदेशसभा बैठकमा ३६ सिट रहेको नेपाली काङ्ग्रेस, तीन सिट रहेको नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र दुई सिट रहेको हाम्रो नेपाली पार्टी (हानेपा) भने अनुपस्थित रहेकाले विपक्ष र तथस्टमा शून्य मत रहेको प्रदेशसभा सचिवालयका सचिव रामकुमार पौडेलले जानकारी दिनुभयो। मुख्यमन्त्री थापामगर ४ भदौमा प्रदेशसभाका ६३ जना प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्री नियुक्त हुनुभएको थियो। बागमती प्रदेशसभा सचिवालयका कानुन उपसचिव तथा प्रवक्ता प्रकाश चापागाईंका अनुसार मुख्यमन्त्री थापामगरले नेपालको संविधानको धारा १६८ को उपधारा (४) तथा बागमती प्रदेशसभा नियमावली, २०७४ को नियम १४३ बमोजिम विश्वासको मत प्राप्त गर्नुभएको हो। एमाले, नेकपा र राप्रपाको समर्थनमा मुख्यमन्त्री नियुक्त हुनुभएका थापालाई विश्वासको मत दिनका लागि सत्ता साझेदार एमाले र नेकपाले ह्वीप जारी गरेको थियो ।

सरकार निर्माणमा समर्थन तथा सहभागिताका विषयलाई लिएर राप्रपामा भने विवाद सिर्जना भएको थियो। आन्तरिक विवादकै कारण १२ सिट रहेको राप्रपाका ६ सदस्यले मात्रै विश्वासको पक्षमा मत दिनुभयो भने अन्य सदस्य बैठकमा अनुपस्थित रहनु भयो ।

# लुम्बिनी मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक

घोराही । लुम्बिनी प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले प्रदेशसभाको चालू आठौं अधिवेशन अन्त्यका लागि प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी)मा मंगलबार साँझ बसेको बैठकले यस्तो निर्णय गरेको हो ।

मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा बसेको उक्त बैठकले नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेशसभाको चालू आठौं अधिवेशन भदौ ११ गते बिहीबार राति १२ बजेदेखि अन्त्य गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा सामाजिक विकासमन्त्री रामजीप्रसाद घिमिरेले जानकारी दिनुभयो ।

बैठकले प्रदेशको स्थायी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने अवधि थप गर्ने निर्णयसमेत गरेको छ। प्रदेश सरकारको स्थायी सङ्गठन तथा व्यवस्थापनलाई व्यवस्थित बनाउन आवश्यक अध्ययन तथा सर्वेक्षणको अवधि थप गर्ने प्रस्ताव बैठकमा पेस भएको थियो । बैठकले नवनियुक्त मन्त्रीहरूलाई बधाई तथा सफल कार्यकाल को शुभकामना दिने निर्णय गरेको छ । मुख्यमन्त्री आचार्यले बैठकमा प्रदेश सरकारको कामलाई थप प्रभावकारी बनाउन निर्देशन दिनुभयो । मुख्यमन्त्री आचार्यले विकास निर्माणका कामलाई गति दिन र नागरिकलाई प्रदान गरिने सेवा प्रवाहलाई चुस्त, प्रभावकारी तथा जनमुखी बनाउन मन्त्रीको भूमिका थप सक्रिय हुनुपर्ने बताउनुभयो। उहाँले मन्त्रालयको जिम्मेवारी अनुसार योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा ध्यान दिन निर्देशन दिनुभएको हो । लुम्बिनी प्रदेश सरकारको प्रवक्तामा सामाजिक विकासमन्त्री रामजीप्रसाद घिमिरेलाई जिम्मेवारी दिइएको छ । मन्त्रिपरिषद् बैठकले सामाजिक विकास मन्त्रीको नयाँ जिम्मेवारी पाउनुभएका घिमिरेलाई सरकारको प्रवक्ताको जिम्मेवारी दिने निर्णय गरेको हो। यसअघि स्वास्थ्यमन्त्री रहँदा घिमिरेलाइ नै सरकारको प्रवक्ताको जिम्मेवारी दिइएको थियो ।

# कृषि कर्जालाई किसानमैत्री बनाउनुपर्छः मन्त्री चौधरी

काठमाडौं। कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले कृषि कर्जाको पहुँच विस्तारसँगै किसानले बुझ्ने भाषामा वित्तीय तथा कृषि सम्बन्धी चेतना अभिवृद्धि गर्नुपर्ने बताउनुभएको छ ।

कृषि कर्जाको वर्तमान अवस्था तथा सहुलियतपूर्ण कृषि कर्जा प्रवाहका क्रममा देखिएका समस्या, चुनौती र समाधानका उपायबारे मंगलबार यहाँ आयोजित छलफलमा मन्त्री चौधरीले कृषि क्षेत्रमा आधारभूत विषयलाई सरल र किसानमैत्री ढङ्गले बुझाउन आवश्यक रहेको बताउनुभयो ।

“कृषि विषय पढेका युवालाई बैंक तथा वित्तीय संस्थामा रोजगारीका अवसर उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ,” मन्त्री चौधरीले भन्नुभयो, “यसले कृषि क्षेत्रका जनशक्तिलाई रोजगारीसँग जोड्नुका साथै बैंकबाट कृषि कर्जा प्रवाह गर्दा कृषि क्षेत्रको वास्तविक आवश्यकता र परियोजनाको मूल्याङ्कन गर्न सहज हुने भएकाले कृषि कर्जा प्रवाहलाई थप प्रभावकारी र व्यवस्थित बनाउन सहयोग पुग्छ ।”

मन्त्री चौधरीले कृषि फार्म दर्ता, कर्जा प्राप्ति तथा सहुलियतपूर्ण कर्जाको प्रक्रियामा वास्तविक किसानले सहज रूपमा लाभ लिन नसकेको गुनासो आउने गरेको भन्दै आगामी नीतिमा यस्ता समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा कर्जा दिने मात्रै नभई किसानले उत्पादन गरेको वस्तुको बजार, सम्भावित उत्पादन र त्यसबाट प्राप्त हुने प्रतिफलसमेत हेर्नुपर्ने बताउनुभयो । उत्पादनपछि बजार व्यवस्थापन र मूल्य शृङ्खलालाई जोडेर कृषि कर्जा प्रवाह गर्ने प्रणाली आवश्यक रहेको उहाँको भनाइ थियो । मन्त्री चौधरीले कृषि क्षेत्रमा प्रविधिको प्रयोग, मूल्य अभिवृद्धि, जलवायु परिवर्तनका प्रभाव तथा परियोजना निर्माणसम्बन्धी ज्ञानको कमीलाई सम्बोधन गर्न बहुआयामिक रूपमा काम गर्नुपर्ने बताउनुभयो। साना किसानलाई कर्जा प्राप्तिमा देखिएका कागजी तथा धितोसम्बन्धी समस्यालाई सम्बोधन गर्नुपर्ने उल्लेख गर्दै कृषि कर्जालाई वास्तविक किसानसम्म पुर्‍याउन बैंकिङ तथा वित्तीय साक्षरता ग्रामीण तहसम्म विस्तार गर्नुपर्ने धारणा राख्नुभयो। वन पैदावारमा आधारित उद्योगलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थाको नीतिगत सहजीकरण आवश्यक रहेको बताउनुभयो ।

# सीमा सुरक्षामा कमीकमजोरी हुनुहुँदैन : महानिरीक्षक पौडेल

सुदूरपश्चिम। सशस्त्र प्रहरी बल, नेपालका महानिरीक्षक नारायणदत्त पौडेलले नेपाल सरकारको ‘स्प्रिट’ अनुसार काम कारबाही गर्न र सीमा सुरक्षामा कुनै कमीकमजोरी हुन नदिन मातहतका निकायलाई निर्देशन दिनुभएको छ। सशस्त्र प्रहरी बल, नेपाल नं ३४ गण धनगढीमा मंगलबार आयोजित कार्यक्रममा उहाँले प्रदेशका प्रदेश कार्यालय प्रमुख सशस्त्र प्रहरी नायब महानिरीक्षक दिगविजय सुवेदी, नौवटै जिल्लाका सशस्त्र प्रहरी कार्यालय प्रमुख, कैलाली र कञ्चनपुरका सीमा सुरक्षा गुल्म, बिओपी र बेसका प्रमुखलगायतलाई सरकारको नीति तथा निर्देशनअनुसार काम गर्न निर्देशन दिनुभएको हो ।

महानिरीक्षक पौडेलले सशस्त्र प्रहरी बलबारे नागरिकबाट गुनासो नआउने गरी दत्तचित्त भएर जिम्मेवारी निर्वाह गर्न आग्रह गर्नुभयो । उहाँले आर्थिक सुशासन, भ्रष्टाचार नियन्त्रण, मानवअधिकार संरक्षण र लैङ्गिक समानतालाई आधार मानी सीमा क्षेत्रबाट हुने सीमा अपराध, अवैध चोरी-पैठारी तथा निकासी नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गर्न निर्देशन दिनुभयो । साथै नेपाल सरकारको भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अक्षरशः पालना गर्न आग्रह गर्नुभयो। पछिल्लो समय युवा वर्ग लागुऔषधको कुलतमा फस्दै गएको र त्यसले समाजमा अन्य अपराधसमेत बढाउन सक्ने भन्दै महानिरीक्षक पौडेलले लागूऔषधको ओसारपसा नियन्त्रणका लागि सशक्त रूपमा परिचालन हुन निर्देशन दिनुभयो ।


## नेत्रावती डवजोङ गाउपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सेमजोङ धादिङ
बागमती प्रदेश नेपाल

### प्रारम्भिक वातावरणीय परीक्षण(IEE) सम्बन्धी सार्वजनीक सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३/०५/१०)

बागमती प्रदेश धादिङ जिल्लाको नेत्रावती डबजोङ गाउँपालिका भएर बग्ने आंखु खोला र लपाङ खोलाबाट ढुङगा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थहरु संकलन तथा उत्खनन् गर्ने प्रस्ताव गरिएको छ यस कार्यलाई व्यवस्थित गर्न वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ को नियम ३ संग सम्बन्धीत अनुसूची २ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण(IEE) गरी प्रतिबेदन तयार गर्न लागिएकोले तल उल्लेखित उक्त प्रस्ताव कार्यान्वयन हुंदा तपशिल बमोजिम क्षेत्रमा प्रस्तावित कार्यबाट पर्न सक्ने प्राकृतिक भौतिक प्रणाली, जैवीक प्रणाली, समाजिक प्रणाली,सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली एवम् यिनका अवयवहरु र अन्तरसम्बन्धमा पर्ने प्रभावहरुको बारेमा यस गाा.पा. भित्रका संम्बन्धित क्षेत्रका वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकी र सरोकारवाला ब्यक्ति एवं संघ संस्थाहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब र प्रतिक्रिया पठाई सहयोग गरिदिनु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि.न. | खोला/पाखाको नाम | अध्ययन गरिने क्षेत्र | प्रभावित क्षेत्र |
|---|---|---|---|
| १ | आंखु खोला | किन्तङफेदी,सापटारी,मजुवा,केराघारी पुछार,पन्तटार | वडा नं.१, ने.ड.गा.पा. |
| २ | लपाङ खोला | लपाङफेदी,रिङने | वडा नं.१, ने.ड.गा.पा |

राय सुझाव पठाउने ठेगाना :
ईमेल : netrawatimun@gov.np
नेत्रावती डबजोङ गाउँपालिका सेमजोङ, धादिङ

प्रमुख प्रशासकीय अधिकृत


प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com